नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

## (कर्मचारी समायोजन शाखा)

पत्र संख्या: ०७५/०७६ चलानी संख्या: मिति : २०७५।०८।२८

विषय: -**हेल्प डेस्क सञ्चालन सम्बन्धमा ।**

श्री सेवा सञ्चालन गर्ने मन्त्रालयहरु/ आयोगहरु/सचिवालयहरु/निकायहरु
श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै प्रदेश
श्री जिल्ला प्रशासन कार्यालय, सबै जिल्ला
श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै जिल्ला
श्री स्थानिय तह (महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका)को कार्यालय, सबै

प्रस्तुत विषयमा कर्मचारी समायोजन अध्यादेश, २०७५ बमोजिम कर्मचारी समायोजन सम्बन्धी कार्य प्रारम्भ भएको व्यहोरा अवगत भएकैहोला। निकट भविष्यमा अध्यादेश बमोजिम कर्मचारी समायोजन सम्बन्धमा सफ्टवेयर मार्फत अनलाइन फाराम भर्ने व्यवस्था मिलाइनेछ। अनलाइन फाराम तोकिएको समय भित्र सहज र सुलभ रुपमा भर्ने कार्यमा सम्पूर्ण कर्मचारीहरुलाई आवश्यक सहयोग गर्नका लागि ताहाँ निकायहरुमा सम्वन्धित विषयमा दक्ष जनशक्ति खटाई देहाय बमोजिमको कार्यदिश अनुसारको हेल्प डेस्क (help desk)को व्यवस्था गर्नु गराउनु हुन निर्णयानुसार (मा.मन्त्रीस्तर)अनुरोध छ । साथैहेल्प डेस्कमा खटिने जनशक्तिलाई अर्थ मन्त्रालयको स्वीकृत नर्म्स अनुसार सुविधा ताहाँबाटै उपलव्ध गराउने व्यवस्था मिलाउनुहुन निर्णयानुसारअनुरोध छ ।

**हेल्प डेस्क सञ्चालन कार्यदिश (TOR)**

- कर्मचारी समायोजन सम्बन्धी सूचनामा तोकिएको मितिदेखि हेल्प डेस्कविहान ८:०० बजे देखि साँझ ६:०० बजेसम्म सञ्चालन हुनुपर्नेछ ।
- कर्मचारी समायोजनका सन्दर्भमा अनलाइन फाराम भर्ने काममा सहयोग पुर्याउनु पर्नेछ ।
- कर्मचारीहरुलाई समायोजनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कर्मचारी समायोजन तथा संगठन विकास महाशाखासँग समन्वय गरी आवश्यक सूचनाहरु, प्रचार सामाग्रीहरुहेल्प डेस्कबाट संभव भएसम्म उपलव्ध गराउनु पर्नेछ ।
- हेल्प डेस्क सञ्चालन गर्ने कार्यका लागि आवश्यक स्रोत साधन(विद्युत, इन्टरनेट, कम्प्यूटर र प्रिन्टर) तथा दक्ष जनशक्तिको व्यवस्थापन सम्बन्धित कार्यालय आफैले गर्नु पर्नेछ ।